नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष २ ● अंक २२४ ● २०८१ साल असार १९ गते बुधवार ● Wednesday 03, July 2024 ● सूर्योदयः बिहान ५:१६ बजे ● सूर्यास्तः साँझ ७:०४ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

## नूनमा ६ रुपैयाँ मूल्यवृद्धि

**मधेशदृष्टि**
**वीरगंज ।**
८ वर्षपछि सरकारले नुनको भाउ बढाएर २६ रुपैयाँ प्रतिकेजी पुऱ्याएको छ । न्यू शक्ति नूनको भाउ किलोको थोकमा १७ र उपभोक्ता मूल्य २० रुपैयाँ पुगेको छ भने भानु नून किलोको ९ रुपैयाँ पुगेको छ । यसअघि २८ रुपैयाँ प्रतिकिलो लागतको नूनलाई कम्पनीले १८.५० रुपैयाँमा बेचिरहेको थियो । सरकारले जनतालाई दिएको सेवा भएका कारण नूनमा नाफा नखोजिएको बताएको छ ।

साल्ट ट्रेडिङ कर्पोरेसनका नायब प्रमुख कार्यकारी अधिकृत कुमार राजभण्डारीका अनुसार मंगलबार बसेको कम्पनी सञ्चालक समिति बैठकले नूनको भाउ बढाएको हो ।



## जलमग्न जनकपुर

अविरल वर्षापछि मधेश प्रदेशको राजधानी जनकपुरधाम जलमग्न भएको छ । 'सिक्स लेन' सडकमा आधा पानी जमेपछि स्थानीयलाई हिँडडुलमा पनि समस्या भएको छ । तस्बिरः मधेशदृष्टि

## विपद्जन्य पूर्व तयारीमा तीनै तहबीच सहकार्य जरुरीः मुख्यमन्त्री



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले विपद्जन्य पूर्व तयारीमा तीनै तहका सरकारबीच अधिकतम सहकार्य हुन जरुरी रहेको बताएका छन् । मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयद्वारा मंगलबार जनकपुरधाममा आयोजित विपद् व्यवस्थापनका लागि अन्तर सरकार सुदृढीकरण विषयक अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै विपद्बाट जोगिन थोरै लगानीमा पूर्व तयारी गरिए ठूलो क्षतिको जोखिम कम गर्न सकिने बताए । मधेश प्रदेश सरकार प्राकृतिक विपद्को सामना गर्न साधन र श्रोतले भ्याएसम्मका सबै तयारी गर्न तयार रहेको उनको भनाइ थियो ।

मुख्यमन्त्री सिंहले प्राकृतिक विपतमा परेर घर गुमाएकाहरूलाई राहतस्वरुप १ लाख र गरिबहरूलाई ३ लाखको घर बिमा गरिदिने गरि प्रदेश सरकारले रकम विनियोजन गरेको बताए । कार्यक्रममा मधेश प्रदेशका अर्थमन्त्री भरत प्रसाद साहले विपद्पछि पीडितलाई दिने राहत व्यवस्थित बनाउन जरुरी रहेको बताए । कार्यक्रममा मधेश प्रदेशका ८ जिल्लाका प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समितिका प्रमुखहरू, विभिन्न पालिकाका प्रमुख, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरूको सहभागिता रहेको थियो ।

# 'कांग्रेस–एमाले सहमतिः नयाँ परिवर्तनको प्रारम्भ'




**महेश कठायत**
**वीरगंज ।**
नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले कांग्रेस र नेकपा एमालेबीच स्थानीय तहको संख्या घटाउने सहमति भएको बताएका छन् । कांग्रेस र एमालेबीच सोमबार राति भएको समझदारीमा संविधानमा सुधारदेखि पालिका संख्या घटाउने विषयमा पनि सहमति भएको नेता कोइरालाले बताए । नेपाली कांग्रेस र नेकपा एमालेबीच बन्न लागेको गठबन्धन सरकारले संविधानमा सुधार, सुशासन, भ्रष्टाचार नियन्त्रण र सेवाप्रवाहका विषयलाई गम्भीरताका साथ लिने उनको दाबी छ ।

नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ ले मंगलबार वीरगंजमा गरेको स्वर्गीय गिरिजाप्रसाद कोइरालाको शालिक अनावरण कार्यक्रममा नेता कोइरालाले अहिलेको निर्वाचन प्रणालीमा सुधारको खाँचो औँल्याए । अहिलेको निर्वाचन प्रणाली खराब नभएको तर निर्वाचन प्रणाली खराब बनाइएकाले मिश्रित निर्वाचन प्रणालीबाट कुनै पनि दलको एकल बहुमत आउन नसक्ने कुरामा सत्यता रहेको उनले बताए । त्यसैका लागि

बाँकी पृष्ठ ३ मा

### ■ फेरि ठडियो गिरिजाको शालिक

करिब नौ वर्षपहिले मधेश आन्दोलनक्रममा तोडफोड गरिएको स्वर्गीय गिरिजाप्रसाद कोइरालाको शालिक फेरि ठडिएको छ । पर्साको वीरगंज महानगरपालिका वडा नम्बर २, छपकैयाको इदगाह चोकमा जिपी कोइराला फाउन्डेसनले पुनर्निर्माण गरेको स्वर्गीय कोइरालाको शालिक मंगलबार कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले अनावरण गरे । कोइरालाको जन्मजयन्तीको अवसरमा आयोजित शालिक अनावरण कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री बद्री पाण्डे, केन्द्रीय सदस्यहरु शंकर भण्डारी, रमेश रिजाल, अजय चौरसिया, अनिल रुंगटा, जिल्ला सभापति जनार्दन सिंह क्षेत्री, प्रदेशसभा सदस्य श्याम पटेल, शंकर चौधरी, पूर्वमन्त्री ओमप्रकाश शर्मा, संविधनसभा सदस्य अजय द्विवेदी, वीरगंज महानगरपालिकाका उपमेयर इम्तियाज आलमलगायतको सहभागिता थियो ।

# सबै मधेशी दल सरकारमा जाने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसको समर्थनमा नेकपा एमाले नेतृत्वमा बन्ने नयाँ सरकारमा सबै मधेशी दलहरु सहभागी हुने देखिएको छ । मधेश प्रदेश सरकारमा पानी बाराबारको अवस्थामा उभिएका दलहरु केन्द्रीय सत्ता गठबन्धनमा सहभागी हुने अवस्थामा पुगेका हुन् ।

मधेशमा उदाएको जनमत पार्टीसँग परै बसिरहेको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल (जसपा) सरकारमा जाने देखिएको छ । उसो त जसपा नेपाललाई टक्कर दिइरहेको सिके राउत नेतृत्वको जनमत पार्टी पनि नयाँ सत्ता साझेदारीमा सामेल हुने बताइएको छ । जसपा नेपालका अध्यक्ष यादवले नेपाली कांग्रेस र नेकपा एमालेबीच सहमति भई बनेको नयाँ गठबन्धनलाई साथ दिने घोषणा गरेका छन् ।

यस्तै, राउत नेतृत्वको जनमत नयाँ गठबन्धनमा पनि जोडिने भएको छ । मधेश प्रदेश सरकारलाई निरन्तरता दिन पनि उसलाई नयाँ सत्ता गठबन्धनसँग मिल्नै पर्ने दबाब छ । अन्यथा मधेश प्रदेश सरकारमा विश्वासको मत नलिँदै सरकार ढलने मात्र होइन फेरि उपेन्द्र यादव नेतृत्वकै जसपा नेपालले मुख्यमन्त्री पाउने सम्भावनाबारे जनमत जानकार छ ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि नयाँ गठबन्धनप्रति सकारात्मक देखिएको छ । यस्तै, जसपा नेपाल विभाजन गरेर बनेको अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीले पनि कांग्रेस–एमाले गठबन्धनलाई सघाउने संकेत गरेको छ । लोसपा महासचिव मनिष मिश्र बदलिँदो परिस्थितिबारे पार्टीमा छलफल हुन बाँकी रहेको तर कांग्रेस–एमाले गठबन्धनप्रति दल सकारात्मक रहेको बताउँछन् ।

जसपाका महासचिव इस्तियाक राईले बदलिँदो नयाँ राजनीतिक परिस्थितिबारे पार्टीमा छलफल चलिरहेको बताउँछन् । मधेश प्रदेश सरकारमा मधेशी दललाई नै नेतृत्व दिने र संविधान संशोधनलगायतका जटिल विषयमा सर्वपक्षीय सहमति जुटाउनु पर्ने भएकाले एमाले अध्यक्ष केपी शर्मा ओलीले माओवादीबाहेक सबै दललाई सरकारलाई साथ दिन आव्हान गरेपछि मधेशी दलहरु केन्द्र सरकारमा सहभागितासँगै मधेश सरकारमा वर्चश्वका लागि पनि सकारात्मक देखिएका हुन् । तर मधेशको मुख्यमन्त्रीका विषयमा भने फेरि पनि जसपा नेपाल र जनमतबीच टकराव हुने अनुमान गरिएको छ ।

### ■ तत्काल मन्त्री फिर्ता नहुने

नेकपा एमालेले गजबको निर्णय गरेको छ । मंगलबार बसेको सचिवालय बैठकले बुधबारसम्म प्रधानमन्त्रीलाई राजीनामा दिएर मार्गप्रशस्त गर्न अपिल गरेको छ तर सरकारमा रहेका पार्टीका मन्त्रीहरूलाई फिर्ता नबोलाउने निर्णय गरेको छ ।

उपमहासचिव प्रदीप ज्ञवालीले मन्त्री तत्काल फिर्ता नबोलाउने जानकारी दिए । उनले एमालेले प्रधानमन्त्री पुष्पकमल दाहालले आफूहरुसँग छलफल नगरी प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेससँग राष्ट्रिय सहमतिको सरकार बनाउने प्रस्ताव गरेपछि एमाले र कांग्रेस मिलेर सरकार बनाउने सहमति भएको खुलासा पनि गरे ।

### ■ मन्त्रीहरुलाई काम गर्न निर्देशन

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रीहरूलाई नियमित काम गर्न निर्देशन दिएका छन् । मंगलबार अपराह्न प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा केही मन्त्रीसँग छलफल गर्दै मिडियामा सरकार फेरबदलको कुरा आउँदैमा आफ्नो काम नछोड्न आग्रह गरेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशीले बताए । अहिलेसम्म कुनै पनि दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएको अवस्था नरहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले नियमित काम जारी राख्न भनेको उनले उल्लेख गरे । उनले नियमित काम गर्न प्रधानमन्त्रीको निर्देशन भएको हुनाले आफूले मन्त्रालयका नियमित काम गरिरहेको बताए ।

जनहितमा जारी सन्देश

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरु :-

- नेपालमै आफ्नो जीवन, सम्पत्ती, बालीनाली तथा पशुपन्छी समेतको बीमा गरी ढुक्क बनौं।
- आफ्नो आवश्यकता, पेशा, व्यवसाय एवं आम्दानीको श्रोत समेतलाई मध्यनजर गरी बीमा गरौं।
- बीमा गराउँदा प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरु स्पष्टसँग खुलाई बीमा गरौं।
- बीमा शुल्क समयमै भुक्तानी गरी सोको रसिद अनिवार्य लिने बानि बसालौं।
- बीमालेख नविकरण गर्ने समय ख्याल गरी समयमा नै बीमालेख नविकरण गरी सुरक्षित बनौं।
- आफुले गरेको बीमाको बारेमा परिवारका सदस्यहरु तथा इच्छाइएको व्यक्तिलाई जानकारी गराई सो सम्बन्धी सम्पूर्ण कागजातहरु सुरक्षित राखौं।
- बीमा सम्बन्धी नीति नियमहरु, शर्त सुविधाहरुको विषयमा बीमालेख खरिद गर्नु अघि नै जानकारी राखौं।
- नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमा कम्पनीहरुमा मात्र बीमा गरौं।

बीमा सम्बन्धी थप जानकारीको लागि

नेपाल बीमा प्राधिकरण
मधेश प्रदेश कार्यालय
आदर्शनगर-१०, विरगंज, पर्सा, नेपाल।
फोन नं. ०५१-५९१०६२ / ९८५५०१२४४१
इमेल : infomp@nia.gov.np
वेवसाइट : www.nia.gov.np

नेपाल बीमा प्राधिकरण
केन्द्रिय कार्यालय
कुपण्डोल-१०, ललितपुर, नेपाल।
०१-५४२१०७९ / ५४३८७४३
info@nia.gov.np
www.nia.gov.np

Facebook/Youtube/Linkedin : Nepal Insurance Authority

नोटः बीमकले बीमालेख उल्लिखित अवधिभित्र बीमितलाई बीमा दाबी भुक्तानी नगरेमा, दायित्व निर्धारण नगरेमा वा बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा सम्बन्धित बीमितले प्राधिकरणसमक्ष उजुरी गर्न सक्नेछ।

*हरेक महान् बुद्धिमानले पागलपन अनुभव गरेका हुन्छन् ।*

*– एरिस्टोटल*

## सम्पादकीय

# मधेशको दयनीय शैक्षिक अवस्था

*मधेश प्रदेशअन्तर्गतका सामुदायिक विद्यालयको शिक्षाको अवस्था अत्यन्त दयनीय बनेको छ । बारा र रौतहटका अधिकांश सामुदायिक विद्यालयमा एकसय विद्यार्थी संख्यामा मात्र एकजना शिक्षकले पढाइरहेको पाइएको छ । राजतन्त्र हुँदै संघीयतासहितको लोकतान्त्रिक व्यवस्थासम्म आइपुग्दा पनि सरकारी नीतिमा कुनै परिवर्तन भएको देखिएको छैन । सरकारको शिक्षा नियमावलीमा प्रति ४० विद्यार्थी संख्यामा एकजना दरबन्दीको शिक्षक हुनुपर्ने मापदण्ड छ । तर, बारा, रौतहटसहित मधेश प्रदेशका अधिकांश जिल्लाका सामुदायिक विद्यालयमा शिक्षा नियमावलीको पालना भएको देखिँदैन अर्थात एकजना शिक्षकले बाध्यतावश एकसय बढी विद्यार्थीलाई अध्यापन गराउँदै आएका छन् । विद्यार्थीको अनुपातमा शिक्षकको अवस्था बुझ्न प्रभु साह नेतृत्वको आमजनता पार्टी कार्यकर्ताले मंगलबार गरेको विद्यालय अनुगमनमा पनि यस्तै देखियो । गुणस्तरीय शिक्षाका लागि आमजनता पार्टीले मधेश प्रदेशमा विद्यार्थीको अनुपातमा शिक्षकको अवस्था बुझ्न विभिन्न विद्यालयमा अनुगमन गरिरहेको छ । यसैक्रममा बाराको नेपाल राष्ट्रिय माध्यमिक विद्यालय फेटामा अनुगमन तथा अन्तरक्रिया भएको छ ।*

*आजपा प्रदेश अध्यक्ष उमेश कुशवाहाको अध्यक्षतामा भएको अन्तरक्रियामा झण्डै १ सय विद्यार्थीमा एक शिक्षक रहेको पुरानै विषय उठान भएको थियो । मधेश प्रदेशका करिब सबै विद्यालयको अवस्था यस्तै छ । यसमा सुधार गर्न अर्थात् विद्यार्थीको अनुपातमा शिक्षकको थप व्यवस्था गर्न शैक्षिक आन्दोलनको विकल्प नरहेको प्रदेश अध्यक्ष कुशवाहाले बताए । शिक्षक देऊ भनेर पनि आन्दोलन गर्नु पर्ने नियती सुनाए । उता, रौतहटको कटहरिया नगरपालिकाका शिक्षा संयोजक अनिल कुमार निधिले वर्तमान अवस्थामा एकसय भन्दा बढी विद्यार्थीको हकमा एकजना शिक्षकको दरबन्दी रहेको स्वीकारे । कटहरिया नगरक्षेत्र अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या १२ हजार भन्दा बढी छ भने शिक्षकको दरबन्दी मात्र १ सय ७ रहेको शिक्षा संयोजक निधिले जानकारी दिए । शिक्षकको दरबन्दी थप गर्न नगर, जिल्ला, प्रदेशदेखि केन्द्रसम्म पटकपटक आवाज उठाउँदा पनि विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी थप नभएको उनको भनाइ छ । यो अवस्था कटहरिया नगरपालिकाको मात्र नभई प्रदेशका ८ वटै जिल्लाका सरकारी विद्यालयको तस्बिर पनि हो । यसरी नै मधेशको शिक्षाको प्रगति खोजिँदै आएको छ । जहाँ शिक्षक छैनन्, विद्यार्थीले गुणस्तरीय शिक्षा पाउन पनि सकेका छैनन् ।*

*मधेश प्रदेशका अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थीको संख्याका आधारमा शिक्षक नहुँदा गुणस्तरीय शिक्षा प्रदान गर्न नसकिएको स्वयम् शिक्षकहरू स्वीकार गर्दछन् । २०५७ सालपछि देशमा बनेका कुनै पनि सरकारले शिक्षकको दरबन्दी थपेको छैन, राहत दरबन्दी र बालाशिक्षाको नाममा झारो टार्ने काम गरेको शिक्षकहरूको आफ्नै गुनासो छ । पूर्वमन्त्री तथा आमजनता पार्टीका*

*अध्यक्ष प्रभु साहलगायत कैयौँ सांसदले सदनमा पटकपटक मधेश प्रदेशको शिक्षाको अवस्थाबारे सभामुखदेखि प्रधानमन्त्रीको ध्यानाकर्षण नगराएका होइनन् । तर समस्या ज्युँका त्युँ छ । पटकपटक यस विषयमा आवाज उठाइए पनि शिक्षकको व्यवस्था हुन सकेको छैन । अर्कातिर शिक्षकको तलबको व्यवस्था स्थानीय तहले गर्नु पर्ने भएपछि झन समस्या हुने गरेको छ । भएका शिक्षकलाई पनि तलब दिन नसकिँदा आन्दोलनमा सरिक हुने र पढाइ प्रभावित हुने गरेको छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशद्दष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# एसईई २ को तयारी र समाज



सञ्जय साह मित्र

अहिले एउटा निर्णयले शिक्षा क्षेत्रमा सकारात्मक आशा जगाएको छ विद्यार्थीहरुमा। जो विद्यार्थी दुई विषयभन्दा बढीमा अनुत्तीर्ण भएका छन्, तिनीहरुले पनिपुनः परीक्षा दिनपाउने छन् । करिब तीन दशकपहिले एक पटक अनुत्तीर्ण भएमा अर्को वर्ष परीक्षा दिन पाउँथे। एक विषयमा भए पनि वा बढी विषयमा भए पनि सबैले एकैचोटी अर्को वर्ष मात्र परीक्षा दिन पाउँथे। बिचमा सुरुआत भयो मौका परीक्षाको। मौका परीक्षामा चाहिँ दुई विषयसम्म अनुत्तीर्ण भएका विद्यार्थीले सहभागिता जनाउन पाउँथे। यसबाट धेरै फाइदा भएको देखिएको थियो। दुई विषयमा अनुत्तीर्ण भएर पूरक वामौका परीक्षा दिएका विद्यार्थीहरुले कुनै विषयमा पनि अनुत्तीर्ण नभएका विद्यार्थीसँगै पढ्न पाउँथे। मनमा खासै खिन्नता रहँदैनथ्यो। तर जो दुईभन्दा बढी विषयमा अनुत्तीर्ण भएका हुन्थे, तिनीहरु भने एक वर्ष यत्तिकै बस्नु पर्दथ्यो उत्तीर्ण गर्नका लागि अर्को वर्ष मात्र परीक्षा दिन पाउँथे। यदि माथिल्लो तहको अध्ययन गर्ने इच्छा हुन्थ्यो भने पढ्नको लागि सिटिइभिटीतिरको कोर्स हुन्थ्यो तर अधिकांश विद्यार्थीमा निराशा हुन जान्थ्यो कि एक वर्ष खेर गयो तर अहिले अबत्यो स्थिति रहेन।

अब, यस वर्षदेखि, एसईईमा अनुत्तीर्ण हुने सबैले मौका परीक्षा दिन पाउने भएका छन्। विगत केही दशकमा यो नयाँ प्रयोग हो। एसईई चैतमा हुँदै आएको छ र प्रायःअसारमा नै रिजल्ट हुँदै आएको छ। दुई विषयसम्म अनुत्तीर्ण हुने परीक्षार्थीले प्रायः साउन महिनामा मौका परीक्षा दिन पाउँथे। सके साउनमै नभए भदौसम्म मौका परीक्षाको नतिजा आउँथ्यो। मौका परीक्षाको नतिजा आएपछि त्यसमा उत्तीर्ण भएका परीक्षार्थीहरु भने लगत्तै कक्षा एघार वा यस्तै अन्य क्षेत्रमा अध्ययन गर्न पाउँथे। परीक्षार्थीका लागि यो निकै उत्साहपूर्ण हुने गर्दथ्यो। दुई विषयसम्म अनुत्तीर्णले लगतै मौका पाउने तर तीन वा तीनभन्दा बढी विषयमा अनुत्तीर्ण परीक्षार्थीले एक वर्षसम्म कुर्नु पर्दथ्यो तर यस वर्षदेखि सबै परीक्षार्थीले मौका परीक्षा दिन पाउने भएको खबरले परीक्षार्थीहरुमा सान्त्वना र सन्तोष दिएको छ। दुई विषयसम्म अनुत्तीर्ण हुने परीक्षार्थीले जस्तै बढी विषयमा अनुत्तीर्ण हुने परीक्षार्थीले पनि मौका परीक्षा दिन पाउने भएपछि एक किसिमले परीक्षार्थीमैत्री वातावरण बनेको छ। अनुत्तीर्ण भएपछि मनमा असन्तोष हुनु स्वाभाविकै हो तर धेरै निराश नहुँदा पनि हुन्छ। अनुत्तीर्ण भएका परीक्षार्थीहरुलाई आग्रह छ – निराशा र चिन्तामा नडुब्नुस्, मौका नजिकै आउँदैछ। मौकामा परीक्षा दिनको लागि तयारी गर्नुस्। गत चैतमा सम्पन्न एसईईमा जसरी जुन उत्साह र उमंगले सहभागी हुनु भएको थियो, सोही उत्साह र उमंगले अहिले पनि तयारी गर्नुस्। केही बितेको छैन, केही बिग्रेको छैन र कोहीसित अहिले तपाईँको प्रतिस्पर्धा छैन। निराशा र चिन्तामा समय खेर नफाल्नुहोस्, तपाईँको लागि हरेक दिन महत्वपूर्ण छ। मातापिता र समाजको लागि तपाईं निकै महत्वपूर्ण मानिस हुनुहुन्छ।

समाजले पनिअब अनुत्तीर्ण भएपछि अनुत्तीर्ण परीक्षार्थी चाहिँ धेरै कमजोर छन् र केहीगर्न सक्दैनन् भन्ने किसिमको सन्देश दिनु हुँदैन, दिनु भएन। यो कुनै जरुरी छैन कि परीक्षामा राम्रो अंकल्याउन सकेनन् त पढाइ खत्तम छ। यस किसिमको भाष्यनिर्माण गरिनु हुँदैन कियही परीक्षा नै सम्पूर्णतःजीवन हो। वा, एकपटकको असफलताले नै जीवनको गति निर्धारण गर्दछ। सम्भव भएसम्म कसरी हुन्छ, अब असफल हुन नदिनको लागि समाजको भूमिका के रहन्छ ? मेरो भूमिका के हुन सक्छ ? यस किसिमको एकले अर्काको भूमिकाको खोजी गरी जिम्मेवार बन्नुपर्छ अनिजिम्मेवार बन्न प्रेरित गर्नुपर्छ। अब फेरि रिजल्ट आउला र सामाजिक संजालमा जे मन लाग्यो त्यहीँ लेखूँला भन्ने सोचाइ राख्नु हुँदैन। गएको परीक्षामा पनि हरेक विद्यार्थीले आफूले सकेको राम्रो गरेकै हो। सकेको राम्रो गर्न समाजको पनिभूमिका रहेको छ। विद्यार्थी उत्तीर्ण हुनु र नहुनुमा एक्लो दोषी विद्यार्थी, शिक्षक, परिवार, विद्यालय, समाज आदि होइन र विद्यार्थी राम्रो हुनुमा पनि सबैको सकारात्मक भूमिका रहेको छ भन्ने बुझ्नु आवश्यक छ। यसकारण आउन थालेको एसईई परीक्षा २ मा सहभागी हुनेहरुका लागि उत्तिकै उत्साहका साथ अहिलेदेखि नै तयारीको वातावरण बनाऔँ। परीक्षार्थीलाई मानसिक वामनोवैज्ञानिक रुपमा बलियो बनाऔँ।

अब एसईई परीक्षाको कार्यक्रम आइसकेको छ। परीक्षाको रुटिन आइसकेपछि विद्यार्थीलाई पनि पढ्न अलिक बढी मन लाग्छ। यो भनेको अब काँधमा जिम्मेवारी आइसक्यो भन्ने कुरा मनमा पर्न जान्छ। जुनसुकै विषयको परीक्षा दिनु छ वा सबै विषयको परीक्षा दिनु छ भने पनि राम्ररी तयारी गर्नुपर्छ। यो पनिबुझ्नु पर्छ कि गएको चैतमा दिएको जस्तै परीक्षा साउनमा पनि दिनु छ। चैतमा परीक्षादिने बेलामा जुन उत्साहथियो त्यही उत्साह अहिले पनि आफूमा उमार्नु छ। यदि चैतमा परीक्षा दिनुअघि कुनै किसिमको डर थियो भने चैतमा परीक्षा दिएको हुनाले अहिले त्यस किसिमको डर हुँदैन किनभने परीक्षा दिएर अभ्यस्त भइसकिएको छ।

परीक्षामा कस्तो प्रश्न आउला र कसरी लेख्नुपर्ला भन्ने किसिमका डरहरु अबमनमा रहेन। यसकारण परीक्षामा एक अनुभवीजस्तो बस्नु छ र परीक्षाको तयारी अनुभवी परीक्षार्थीको जस्तो भएर गर्नु छ भन्ने कुरो पनि अहिले साउनमा एसईई परीक्षादिने तयारी गरिरहेका परीक्षार्थीले बुझ्नु जरुरी छ। सबैभन्दा बढी जिम्मेवारी त अहिले समाजको रहेको छ कि साउनमा हुनगइरहेको एसइई परीक्षाको महत्व चैतमा दिएको परीक्षाको भन्दाकम छैन, हुँदैन। विगतमा पनि पूरक वा ग्रेडवृद्धि परीक्षा दिएका परीक्षार्थी अग्रज साथी वा दाजुहरुसित यस विषयमा बुझ्न सकिन्छ। पहिले कुनै वा दुई विषयमा अनुत्तीर्ण भएका परीक्षार्थीले मौका परीक्षा दिँदा उत्तीर्ण भएर पछि पढाइमा निकै राम्रो गरेका छन्।

अहिले एउटा राम्रो मौका आइरहेको छ। जति वटा विषयमा अनुत्तीर्ण भएपनि परीक्षार्थीले चाहेमा परीक्षा दिन पाउँछन्। सबैले परीक्षा दिनु नै पर्छ। परीक्षा दिनु परीक्षार्थीको कर्तव्य हो र परीक्षामा बस्नुअघि तयारी पनि गर्नुपर्छ। तयारीमा अभिभावक र समाजले पनि भूमिका खेल्नुपर्छ। अहिले नेपाल सरकारले विभिन्न माध्यमबाट परीक्षाको तयारीको लागि कार्यक्रm महरु संचालन गरिरहेका छन्। नेपाल टेलिभिजन र अन्य संचार माध्यमबाट सरकारले एसईईको तयारी गराइरहँदा समाजका सदस्यहरुले, सामाजिक संजालमा सक्रिय रहनेहरुले पनि कम्तीमा तयारीका आधुनिक तरिकाबारे जानकारीहरु शेयर गरिरहनु पर्छ। अन्य वैकल्पिक उपायहरु बताइरहनु पर्छ। अझ सम्भव छ भने आफ्नो समाजमा यस्ता परीक्षार्थीहरुको लागि तयारीको सामूहिक वा व्यक्तिगत वातावरण बनाउनु पर्छ। को को परीक्षार्थी कुन–कुन विषयमा परीक्षादिँदै छन् र तिनलाई अझ बढी सहयोग गरिदिनको लागि के कस्तो काम गरिदिनु पर्ने हो, त्यसबारे पनि विचार गर्नु उचित हुन्छ। सम्भव हुन्छ भने सम्बन्धित परीक्षार्थीसित नै सल्लाहलिएर तिनलाई परीक्षाको तयारीको लागि के कस्तो सहयोगको आवश्यकता छ र कम समयमा कसरी बढीभन्दा बढी तयारी गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्न सकिन्छ। यसरी गर्न सकेमा अरुलाई मात्र कमजोर देखाउने क्षमताभन्दा आफूमा अरुभन्दा आफैँ राम्रो भएको क्षमताको विकास हुन्छ र समाजको लागि उपयोगी हुन सकेकोमा आफूलाई गर्व लाग्छ तथा वास्तवमा परीक्षार्थीहरुले पनि केही सकारात्मक सन्देश पाउने हुन्छन्।

सामाजिक संजालमापनि धेरै आलोचना गर्नेको उद्देश्य शिक्षामा सुधार गर्ने तथा परीक्षार्थीलाई उत्तीर्ण गराउने हो भने साउनमा एसईई २ (२०८०को एसईईको पूरक) दिन गइरहेकालाई तयारीमा सहयोग गर्नु परेको छ। यसै गरी आउँदो चैतमा एसईई दिने तयारी गरिरहेका परीक्षार्थीलाई पनि निगरानी गर्नु जरुरी छ। कसरी हुन्छ, हाम्रो समाजका बढी भन्दा बढी परीक्षार्थी पास होऊन्, राम्रो अंक ल्याउन सकून् भनेर चिन्तित हुनु निस्वार्थ सेवा हो। यसप्रकारको भावनाको धनी रहेको हाम्रो समाजका सदस्यले साउनमा हुने र चैतमा हुने एसईईको तयारीमा रहेका विद्यार्थीहरुलाई सकारात्मक सहयोग हुने उपायको खोजी गर्नु परेको छ। फेसबुके आलोचकले पनि समयमा आफ्नो सामाजिक उत्तरदायित्व बुझ्दा परिणाम राम्रो आउँछ।

# गिरिजाप्रसाद युगान्तकारी परिवर्तनका नायक

**डा. केदारनरसिंह केसी**

नेपालको लोकतान्त्रिक आन्दोलनका साहसी तथा कर्मयोगी नेता गिरिजाप्रसाद कोइरालाको राजनीतिक जीवन धेरै सन्दर्भ र घटनाले भरिएका छन् । वास्तवमा साहस र अठोटको पर्याय नै उहाँको राजनीतिक जीवन बनेको छ । नेता त्यो हो, जसले बाटो पहिल्याउँछ, पहिल्याएको बाटोमा आफैँ हिँड्छ, आफू हिँडेको बाटोमा अरूलाई पनि हिडाउँछ। गिरिजाबाबुले पनि त्यसै गर्नुभयो । गिरिजाबाबुको जीवनमा सङ्घर्षबाट पाएको चेतना र ज्ञान नै उहाँलाई अगाडिको बाटो देखाउने प्रकाशका रूपमा आएको प्रस्टै छ। निर्णय गर्न नडराउने उहाँको साहसपूर्ण स्वभाव सबैका निम्ति प्रेरणादायी बनेको छ।

राणाशासनको क्रूर अवस्थामा २१ वर्षे उमेरका गिरिजाबाबुबाट विराटनगरको ऐतिहासिक मजदुर हडतालको सफलतापूर्ण नेतृत्व गर्नु त्यो उमेरको कुनै पनि मानिसका लागि लरतरो काम थिएन। उहाँको नेतृत्वमा २००३ साल फागुन २१ गते एकतन्त्रीय राणा शासनको विरोधमा विराटनगर जुट मिलको आन्दोलन भएको थियो। नेपालको जनसङ्घर्षको इतिहासमा जनताले गरेको यो नै पहिलो ऐतिहासिक आन्दोलन पनि थियो। नेपालको इतिहासमा सबैभन्दा धेरै मानिस सहभागी भएको पहिलो र सबैभन्दा ठूलो मजदुर हडताल यही नै थियो । गिरिजाबाबुलाई सक्रिय र सङ्घर्षशील राजनीतिमा प्रवेश गराएको पनि त्यही आन्दोलनले हो । त्यसको सफलता वा विजयले उहाँमा राजनीतिमा लाग्ने हौसला मिलेको देखिन्छ।

गिरिजाबाबुले राजनीतिमा युगान्तकारी घटना गराउनुभएको छ। लोकतान्त्रिक आन्दोलनलाई गति दिने कार्यमा उहाँको अधिकांश उमेर बित्यो। उहाँ देशमा प्रजातन्त्र पुनःस्थापना भएपछि नेपालको पहिलो प्रधानमन्त्री हुनुभयो, २०१५ सालको आमनिर्वाचनको पनि गणना गर्दा बहुदलीय प्रजातन्त्रमा बिपीपछि दोस्रो निर्वाचित प्रधानमन्त्री बन्ने अवसर पनि उहाँलाई मिल्यो। २०४८ सालदेखि २०५१ सम्मको गिरिजाबाबुको प्रधानमन्त्रीत्वको कार्यकाल अत्यन्त सन्तोषजनक, सन्तुलन र मर्यादित रूपले अगाडि बढेकै हो । विकासका पूर्वाधारको सुरुआत पनि यही कार्यकालमा भएको हो । यस अवधिमा स्वास्थ्य, शिक्षा, सञ्चार, विद्युतीकरण, यातायातका क्षेत्रमा मुलुकले ठूलो फड्को मारेको विदितै छ।

उहाँले राजनीतिलाई व्यक्तिगत स्वार्थका लागि कहिल्यै लिनुभएन । साँच्चै भनौँ भने बिपी रहुन्जेल उहाँ लोकतान्त्रिक सङ्घर्षमा होमिनुबाहेक अरू कुनै जिम्मेवारीमा हुनुहुन्थेन। २०२५ सालदेखि २०३३ सालसम्म नेपाली कांग्रेसले आयोजना गरेको 'सशस्त्र कारबाही' हाँक्ने मुख्य 'कमान्डर' उहाँ नै हुनुहुन्थ्यो । उहाँमा धैर्यपूर्वक निर्णय गर्ने, आफ्नो निष्ठामा नझुक्ने, साहसी र इच्छाशक्ति भएको ऊर्जाशील गुण र विशेषता थियो । उहाँमा रहेका यस्ता असल गुण र विशेषतालाई अनुसरण गर्नसक्नु नै उहाँप्रतिका वास्तविक श्रद्धाञ्जलि हुनेछ।

जीवनको सात दशकभन्दा लामो समय लोकतान्त्रिक आन्दोलनमा निरन्तर रूपले बिताउनु साधारण कुरा होइन। जेल, निर्वासन र अनेक सङ्कटहरु ब्यहोर्दै देश र जनताका लागि आफूलाई समर्पण गरेर अनवरत उहाँ हिँडीरहनुभयो। पटकपटक गरेर उहाँ १२ वर्षभन्दा बढी समय जेलमा बिताउनुभयो । राणा र शाह दुवै निरङ्कुशतालाई चुनौती दिँदै कहिल्यै झुक्नु भएन, बरु उहाँको साहस, स्वाभिमान र अडानका अगाडि कुनै पनि अतिवाद वा निरङ्कुशता झुक्न बाध्य भए । प्रजातन्त्रका सन्दर्भमा कसैसँग पनि सम्झौता नगर्ने र प्रतिनिधिसभाको पुनर्बहालीले मात्र राजनीतिक निकास दिनसक्छ भन्ने गिरिजाबाबुको अडानलाई २०६१ साल माघ १९ को राजा ज्ञानेन्द्रको कदमले पनि रोक्न सकेन। २०५९ साल असोज १८ मा तत्कालीन राजा ज्ञानेन्द्र शाहले जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्थ गरी आफू अनुकूलका प्रधानमन्त्री नियुक्त गर्न थालेपछि राजतन्त्रप्रति जनताको आस्था घटेको थियो । त्यसपछि भएका आन्दोलनको नेतृत्व पनि गिरिजाप्रसाद कोइरालाले नै गर्नुभएको थियो । २०६१ साल माघ १९ मा दलमाथि प्रतिबन्ध लगाउँदै राजा ज्ञानेन्द्र आफैँ मन्त्रिपरिषद् अध्यक्ष बनेपछि कोइरालाले सबै राजनीतिक दललाई एकै ठाउँमा ल्याएर पूर्ण लोकतन्त्रको स्थापनाका लागि आन्दोलनको नेतृत्व गर्नुभएको थियो । आखिर २०६३ साल वैशाख ११ गते बाध्य भएर राजा ज्ञानेन्द्र आन्दोलनरत सात दलको मार्गचित्रअनुरूप विघटित प्रतिनिधिसभा पुनःस्थापना गर्न सहमत भएका थिए।

पुनःस्थापित प्रतिनिधिसभाले २०६३ साल जेठ ४ मा राजाका सबै अधिकार कटौती गर्दै आलङ्कारिक राजाका रुपमा ज्ञानेन्द्र शाहलाई सीमित गरेको थियो । उहाँकै नेतृत्वमा २०६५ साल जेठ १५ मा नेपालबाट दुई सय ४० वर्ष इतिहास भएको शाहवंशीय राजसंस्था अन्त्य भई नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रका रूपमा स्थापित भएको थियो। यसरी दुई सय ४० वर्षदेखिको राजतन्त्रको अन्त्य गर्दै सक्रिय राजतन्त्रको असफल अभ्यासमा लागेका राजा ज्ञानेन्द्रलाई नारायणहिटीबाट बाहिर निकाल्ने कामको नेतृत्व उहाँले नै गर्नुभएको थियो । अन्त्यन्त आँटिला, आफूलाई लागेको कुरा निर्णय गराउन सक्ने, कम बोल्ने तर बोलेको कुरामा अडिग रहने उहाँको स्वभावले नै मुलुकलाई राजनीतिक रुपान्तरण गराउन सम्भव भयो। जीवनको अन्तिम क्षणसम्म राष्ट्रका लागि क्रियाशील रहने उहाँ समकालीन नेपाली राजनीतिका शिखर पुरुष हुनुहुन्छ।

उहाँको अर्को महत्वपूर्ण पक्ष भनेको सामान्य कार्यकर्ताको भावना र पीरमर्का बुझ्नसक्ने एक कुशल नेतृत्वका रुपमा देखाउनु भएको गुण र क्षमता पनि हो। उहाँ तल्लो तहको पार्टी कार्यकर्तासित समेत सोझै भावनात्मक सम्बन्ध राख्नसक्ने हुँदा आम कार्यकर्ताबीच अत्यन्त लोकप्रिय नेता हुनुहुन्थ्यो । उहाँले आफ्नो लामो राजनीतिक जीवनमा व्यतित गर्नुभएको विभिन्न आरोहअवरोहहरु उहाँका सफलता र असफलता नेपाली राजनीतिका अभिन्न अङ्ग हुन्। लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा युद्धरत माओवादीलाई शान्ति प्रक्रिया र लोकतान्त्रिक धारमा ल्याउने ऐतिहासिक कार्य उहाँकै नेतृत्वमा सम्पन्न भयो । १० वर्षे सशस्त्र युद्धमा रहेका माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन भएको १२ बुँदे सम्झौता र दोस्रो जनआन्दोलनको नेतृत्व गरेका गिरिजाप्रसाद कोइरालाले आफू हारेर भए पनि द्वन्द्वले आक्रान्त मुलुकमा शान्ति स्थापनाका लागि साहसिक कदम उठाएको इतिहास कसैबाट लुक्न सक्दैन। नेता कोइरालाकै नेतृत्वमा माओवादी जनसेनाको समायोजनसहित हतियार व्यवस्थापन भएको थियो । सहमति, सहकार्य र एकताका सूत्रधार कोइरालाको माओवादीलाई शान्ति प्रक्रियामा ल्याउने निर्णय नै विश्वकै एक ऐतिहासिक सफलता हो। छ दशकभन्दा लामो संविधानसभा निर्वाचन गर्ने कांग्रेसका संस्थापक नेता बिपी कोइरालाको सपना पूरा भएको थियो । चारपटक मुलुकको प्रधानमन्त्री बनेका नेता कोइरालाले अन्तिम कार्यकालमा भने कार्यवाहक राष्ट्राध्यक्षको कार्यभारसमेत सम्हाल्नुभएको थियो। संवाद, सहमति र सहकार्यको माध्यमबाट राजनीतिक स्थायित्व कायम गरी राष्ट्रिय एकता, लोकतन्त्र र समृद्धिको दिशामा दृढतापूर्वक अघि बढ्नुपर्छ भन्ने उहाँको मान्यता अहिले पनि सबैको मार्गदर्शक बनेको छ। उहाँले आफ्नो जीवनकालभरि कालो झन्डा र विरोधको सामना गर्नु परे पनि मृत्युपर्यन्त उहाँले जति प्रशंसा र सम्मान प्राप्त गर्ने अवसर सायदै अरू व्यक्तिलाई प्राप्त भयो होला । आफूले हारे पनि मुलुकले जित्नुपर्छ भन्ने दर्शनबाट प्रेरित उहाँ आफ्नो विरोध गर्ने र कालो झन्डा देखाउने प्रवृत्तिलाई आफैँले लडेर प्राप्त गरेको प्रजातन्त्रको उपलब्धिका रूपमा लिनुहुन्थ्यो। राजतन्त्रविरुद्ध दलहरुले संयुक्त रूपमा लडेर संविधानसभाबाट संविधान बनाउने कार्य कोइरालाको योगदानबाट सम्भव भएको थियो।

अहिले मुलुक संविधान कार्यान्वयनसँगै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको बाटोमा अघि बढिरहेको छ । यतिबेला सम्पूर्ण राजनीतिक शक्तिहरुलाई एक सूत्रमा बाँध्ने गिरिजाबाबुजस्ता शीर्ष व्यक्तिको अभाव खड्किएको अनुभूति भइरहेको छ । सम्पूर्ण राजनीतिक शक्ति एकजुट हुन सके मात्र लोकतन्त्र सफल हुन सक्छ । उहाँको निधनसँगै नेपाली लोकतान्त्रिक आन्दोलनको पहिलो पुस्ताको अन्त्य भएको छ र मुलुकलाई शान्ति र समृद्धिको उचाइमा पु¥याउने जिम्मेवारी दोस्रो पुस्ताको काँधमा आएको छ। रासस

# मलको अभाव हल्ला मात्रै होः पाण्डे




**मधेशदृष्टि**
**वीरगंज ।**
रोपाई सिजन सुरु भइसक्दा पनि वीरगंज महानगरकै अधिकांश वडाका सहकारीले कृषि सामग्री कम्पनी वीरगंजबाट कोटाको मल लगेका छैनन् । मौज्दात पर्याप्त रहेको अवस्थामा महानगरकै सहकारीहरुले आफ्नो कोटाको मल लैजान रुचि नदेखाउँदा मलको अभाव रहेको हल्ला फैलिएको कम्पनीको प्रादेशिक कार्यालय वीरगंजका प्रमुख दुर्गाप्रसाद पाण्डेले गुनासो गरेका छन् । पाण्डेका अनुसार, वडा नम्बर १५, १६, १९, २१, २६, २७, ३१ र ३२ का सहकारीहरुले अझै पनि डिएपि, पोटास र युरिया मल लैजाने प्रक्रिया नै अघि बढाएका छैनन् । यी वडा महानगरका ग्रामीण बस्ती हुन् । प्रत्येक वडामा मल वितरणको जिम्मेवारी लिएका १/२ वटा सहकारी सक्रिय छन् ।

वीरगंज महानगरपालिकाको कार्यालयले यसअघि नै २ पटक डिएपि, १ पटक पोटास र १ पटक युरियाको कोटा निर्धारण गरिसकेको छ । जेठ २० यता महानगरपालिकाको कार्यालयले डिएपिको २ पटक, पोटासको एक पटक र आइतबार युरियाको गरी ४ पटक कोटा निर्धारण गरिसकेको पाण्डेले बताए ।यस अवधिमा ग्लोबल टेण्डरबाट मल आपूर्तिको ठेक्का पाएको आदित्य बिरला ग्रुपले २० हजार टन डिएपी, भारतको इन्डियन पोटास लिमिटेडले २५ हजार टन डिएपि, सन ग्रुपले ३० हजार टन युरिया र आइपिएलले नै १० हजार टन पोटास मल ल्याइसकेको पाण्डेले बताए । मल भित्रिए लगत्तै प्रत्येक कन्साइन्मेन्टमा यसरी सहकारीहरुलाई कोटा निर्धारण गर्ने परिपाटी रहेको छ ।

आइपिएलकै अर्को कन्साइन्मेन्टको ३० हजार टन युरिया भित्रिने क्रममा छ । युरिया बोकेर आएको पहिलो रेल्वे ऱ्याक रक्सौल रेल्वे स्टेशनमा आइपुगेको पाण्डेले बताए । त्यसैगरी, नेपालले भारतसँग जिटुजी प्रक्रियाबाट खरिद गरेको २५ हजार टन डिएपी मल कोलकाता बन्दरगाहबाट नेपाल आउन तयारी अवस्थामा रहेको उनले बताए । यसबाहेक अर्को कन्साइन्मेन्टबाट आइपिएलले थप २५ हजार टन डिएपि मल ल्याउन लागेको र हाल यो समुन्द्री मार्गमा रहेको पाण्डेको भनाइ छ ।

# रौतहटमा बालकको शव फेला



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट एक बालकको शव फेला परेको छ । राजदेवी नगरपालिका वडा नम्बर १ पथरा टोलस्थित सडक छेउको खाल्टोमा एक बालकको शव फेला परेको हो ।

सोमबार दिउँसो करिब ४ बजेदेखि सम्पर्कविहिन भएका ११ वर्षीय बालक खाल्टोको पानीमा मृत अवस्थामा मंगलबार बिहान फेला परेका हुन् ।

स्थानीय जितेन्द्र साह तेलीका ११ वर्षीय छोरा अंकुश साह पूर्वी पथरा र पश्चिमी पथराको बिचमा रहेको खाल्टोको पानीमा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

सोमबार साँझ निस्केका अंकुश मंगलबार पानीमा डुबेको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

मृत अवस्थामा भेटिएका अंकुशको शरीरमा लगाएको लुगा गाएब रहेकाले लगाएको कपडा कहाँ र कसरी गाएब भएको विषयमा स्थानीयले आशंका जनाएका छन् । उक्त घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




# मौलापुरमा एसईईमा ७५ प्रतिशत विद्यार्थी उत्तीर्ण



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको मौलापुर नगरपालिकामा सञ्चालित विभिन्न सामुदायिक विद्यालयले एसईई परिक्षामा ७५ प्रतिशत विधार्थी विभिन्न श्रेणीमा उत्तीर्ण भएका छन् । विद्यार्थीको अनुपातमा हुनुपर्ने शिक्षकको व्यवस्था संघीय सरकारले नगरेपनि मौलापुर नगरपालिकाको विशेष पहलमा यहाँ विद्यार्थी उत्तीर्णको संख्या बढेको हो । मौलापुर नगरपालिकाले उत्तीर्ण उत्कृष्ट विद्यार्थीहरुलाई मंगलबार सम्मान तथा पुरस्कार वितरण गरेको छ । सम्मान एवं पुरस्कार वितरण कार्यक्रमका प्रमुख अतिथि रहेका आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले शिक्षाको विकासका लागि संघीय र प्रदेश सरकार गैरजिम्मेवार भएको बताए । विद्यार्थीको संख्या अनुपात अनुसार शिक्षकको व्यवस्था नगर्ने सरकारले शिक्षामा परिवर्तन ल्याउँन नसक्ने उनले बताए । रौतहट ३ का सांसद समेत रहेका आजपा अध्यक्ष साहले मधेशको विकासका लागि सरकारले विद्यार्थी अनुपात अनुसार शिक्षकको व्यवस्था गर्नुपर्ने माग समेत गरे ।

'संघीय सरकारले विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्था गर्नुपर्छ । तर मधेसको हकमा त्यो लागु भएको छैन् । संघीय सरकार मात्रै नभएर प्रदेश सरकार समेत गैरजिम्मेवार छ । शिक्षाको विकासका लागि, विद्यार्थीको भविष्य उज्जवल बनाउँन उनीहरु जिम्मेवार ढंगले लागेका छैनन्' साहले भने, 'मधेशको शिक्षाको विकासका लागि यहाँ विदार्थी अनुपातमा शिक्षकको व्यवस्था हुनुपर्छ । त्यसका लागि सबैले पहल गर्नुपर्ने आवश्यक छ । सरकार गैरजिम्मेवार भएकाले यहाँ शिक्षक नै दिन सक्दैन् । यो गैरजिम्मेवार सरकारले शिक्षालाई स्तरीय बनाउँन असफल रहेको छ ।'

देशैभरी एसईई परिक्षामा उत्तीर्ण हुनेको संख्या घटदो मात्रमा रहेको बेला मौलापुरमा उत्तीर्ण हुनेको संख्या बढदै गएकोमा उनले मेयर रिना साह, शिक्षक, व्यवस्थापन समिति लगायतलाई विशेष धन्यवाद दिएका छन् । विद्यार्थी अनुपात अनुसार शिक्षकको व्यवस्था संघीय सरकारले नगरेपछि मौलापुर नगरपालिकाले आफ्नो आधीभन्दा बढी बजेट शिक्षामा लगानी गर्दै ६५ भन्दा बढी नगर शिक्षकको व्यवस्था गरी नगरको शिक्षा स्तरीय बनाएकोमा साहले सबैलाई शुभकामना व्यक्त गरे ।

मौलापुर नगरपालिकाका मेयर रिनाकुमारी साहको अध्यक्षतामा भएको कार्यक्रममा उत्तीर्ण उत्कृष्ट विद्यार्थीका साथै शिक्षकहरुलाई समेत सम्मान गरिएको छ । मौलापुर नगरपालिकामा पाँच सामुदायिक विद्यालयबाट चार सय नौं विद्यार्थी एसईई परिक्षामा सहभागि भएका थिए । जसमध्ये तीन सय आठ विद्यार्थी बिभिन्न श्रेणीमा उत्तीर्ण भएको मौलापुर नगरपालिकाका निमित प्रमुख प्रशासकिय अधिकृत रामबाबुप्रसाद साहले जनाएका छन् । 'देशैभरी एसईई परिक्षामा विद्यार्थीको उत्तीर्णय संख्या ४७.८६ प्रतिशत छ । तर मौलापुर नगरपालिकामा एसईई परिक्षामा विद्यार्थीको उत्तीर्ण संख्या ७५ प्रतिशत रहेको छ । संघीय सरकारले विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्था यहाँ गरेको छैन् । मौलापुर नगरपालिकाका मेयर रिना साहजीको विशेष पहलमा शिक्षामा बढी बजेट बिनियोजन गरेर यहाँको विद्यार्थीको पढाई राम्रो होस भन्ने उदेश्यले अगाडी बढदा यहाँको परिणाम राम्रो आएको हो' निमित प्रमुख प्रशासकिय अधिकृत साहले भने ।

मौलापुरमा विद्यार्थी अनुपात अनुसार एक सय ८० शिक्षकको आवश्यक्ता छ । तर यहाँ ६० शिक्षक मात्रै छ । विद्यार्थी अनुपात अनुसार सरकारले शिक्षक उपलब्ध नगराएपछि मौलापुर नगरपालिकाले आफ्नो बजेटको आधिभन्दा बढी बजेट शिक्षामा खर्च गर्दै आएको छ । मौलापुर नगरपालिकाले ६५ जना नगर शिक्षक थपेर पालिकाको शिक्षालाई स्तरीय बनाएको छ । मौलापुरका मेयर साहको सोही प्रयास एवं शिक्षकको अत्याधिक मिहिनेतका कारण आज एसईई परिक्षाको परिणाम पनि राम्रो आएको छ । मौलापुर नगरपालिकाको गम्हरिया माविको ९० प्रतिशत, लक्ष्मीमिया माविको ८९.४७ प्रतिशत, पथराबुधराम स्थित माविको ८० प्रतिशत, जनता मावि सोनरनियाको ६५.०४ प्रतिशत, मर्यादपुर माविको ५१.७२ प्रतिशत विद्यार्थी बिभिन्न श्रेणीमा उत्तीर्ण भएका छन् ।

# २० वर्ष उमेर पूरा गरी छोरीको विवाह गराउने अभिभावकलाई सम्मान



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरी जिल्लाको मटिहानी नगरपालिकाले बालविवाह न्यूनीकरण कार्यक्रम अन्तर्गत २० वर्ष उमेर पूरा गरी छोरीको विवाह गराएका अभिभावकहरुलाई सम्मान गरेको छ ।

त्यसै क्रममा मंगलबार एक कार्यक्रमबीच मटिहानी नगरपालिका प्रमुख हरि प्रसाद मण्डल र प्रमुख जिल्ला अधिकारी शिवराम गेलालज्यूले २० वर्ष उमेर पूरा गरी छोरीको विवाह गरेका ४९ जना अभिभावकहरुलाई दोसल्ला र सम्मान–पत्र प्रदान गरी सम्मान गरेका हुन् ।

बालविवाहलाई निरुत्साहित गर्ने उद्देश्यले वडाले सिफारिस गरेका अभिभावकलाई सम्मान गरिएको कुरा महिला, बालवालिका तथा ज्येष्ठ नागरिक शाखाका प्रमुख दीपा दासले बताइन् । उक्त कार्यक्रममा बोल्दै नगर प्रमुख हरि प्रसाद मण्डलले समाजमा विद्यमान बालविवाहलाई निरुत्साहित गर्नु पर्ने बताए । पालिकाले २०८३ सालसम्म पालिकालाई बालविवाह मुक्त नगरपालिका बनाउने लक्ष्य लिएको कुरा नगर प्रमुख मण्डलले बताए ।

यसअघि पालिकाले बालविवाहलाई निरुत्साहित गर्न विभिन्न जनचेतनामूलक कार्यक्रम गर्दै आइरहेको छ । प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले बालविवाह सामाजिक अपराध र सामाजिक कुरीति रहेकोले अन्त्य गर्नुपर्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा नेपाल प्रहरी उपरीक्षक नकुल पोखरेल, सशस्त्र प्रहरी उपरीक्षक बिनोद के.सी., राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तरीका प्रमुख सुदिप अधिकारी, मटिहानी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, वडा अध्यक्षहरु नाजिर मिया, कलीम अंसारी, जितनारायन माझी, मिश्री नायक, रितेश साह, कार्यपालिका सदस्य राम पदारथ साह, माओबादीका उमाशंकर साह, अभिभावकहरु, विद्यार्थीलगायतका अन्य व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

# गहवामाईको रथयात्राका दिन विद्यालय बन्द

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले गहवामाईको रथयात्राको दिन नगरक्षेत्र भित्रका विद्यालयको पठनपाठन बन्द हुने जनाएको छ । यही असार २३ गते गहवामाईको रथयात्राका दिन वीरगंज महानगर क्षेत्रभित्रका सम्पूर्ण विद्यालयमा पठनपाठन बन्द हुने भएको एक सूचनामार्फत जानकारी गराएको छ । माइस्थानस्थित गहवामाईको रथ यात्रा निकालिने दिन अर्थात् यहि असार २३ महानगरका सम्पूर्ण सामुदायिक एवम् सस्थांगत विद्यालयहरुमा पठनपाठन बन्द हुने सार्वजनिक सूचनामा भनिएको छ ।

वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मातृकाप्रसाद भट्टराइले जारी गरेको सूचनामा असार १६ गते महानगरका नगरप्रमुख राजेशमान सिंहको अध्यक्षतामा बसेको बैठकले यसबारे निर्णय गरेको जनाइएको छ । रथयात्रामा बढीभन्दा बढी भक्तजनहरुको सहभागिता जुटाउन यस्तो निर्णय गरेको प्रमुख प्रशासकिय अधिकृत भट्टराइले जानकारी दिए । यस्तै पूर्व निर्धारित छात्रवृत्ति वितरण कार्यक्रमसमेत सारेर असार २४ गते आयोजना गर्न सम्पूर्ण विद्यालयहरुलाई महानगरको निर्देशनसमेत दिएको छ ।

# पोखरीमा डुबेर दुई बालकको मृत्यु

**मधेशदृष्टि**
**सिरहा ।**
नरहामा पोखरीमा डुबेर दुई बालकको मृत्यु भएको छ । नरहा गाउँपालिका–३, खोरियास्थित खोला किनारमा रहेको स्थानीय वसन्त यादवको पोखरीमा डुबेर स्थानीय ६ वर्षीय राहुल मण्डल र ८ वर्षीय आशीष मण्डलको मृत्यु भएको प्रहरीले जनाएको छ । उनीहरु दुवै स्थानीय सुशील मण्डलका छोरा र भाञ्जा हुन् । बालकहरु डुबेर मृत्यु भएको भनिएको पोखरी गिट्टीबालुवाको अवैध उत्खनन् गर्दा बनेको आरोप स्थानीयले लगाएका छन् । सोमबार दिउँसोदेखि हराइरहेका दुवै बालकको शव मंगलबार बिहान फेला पारिएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।

दुवै शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहामा राखिएको छ ।

# 'कांग्रेस–एमाले सहमतिः नयाँ ...

निर्वाचन प्रणाली बदल्न खोजेको सुनाउँदै उनले निर्वाचन प्रणाली कस्तो बन्ने भन्ने विषयमा सहमति हुन बाँकी रहेको बताए । उनले भने, 'निर्वाचन प्रणाली बदलेर कस्तो बनाउने भन्ने विषयमा सबैको आआफ्नै धारणा भए पनि विज्ञहरुको सुझावका आधारमा सहमति बन्न सक्छ भन्ने लाग्छ ।' 'नेपाली कांग्रेस र एमाले एक ठाउँमा उभिन सक्यो भने एउटा गन्तव्यमा पुग्न सकिन्छ' भन्ने विषय आफूले विगतदेखि पटकपटक भन्दै आएको स्मरण गर्दै नेता कोइरालाले अहिले त्यही विन्दुमा एमाले र कांग्रेसबीच समझदारी भएको बताए । अब बन्ने गठबन्धन सरकारले पार्टीभन्दा माथि उठेर राष्ट्रलाई प्राथमिकतामा राख्न सके समृद्ध देश बनाउन सकिनेमा दुई मत नभएको उनले दाबी गरे । नेता कोइरालाले कांग्रेस पार्टीभित्रको तिक्तता हटाएर एकजुट हुनसके कसैले हराउन नसक्ने दाबी गरे ।

कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री बद्री पाण्डे गिरिजाप्रसाद कोइरालाले सम्वाद, सहमति र सहकार्यको कुरामा जोड दिँदै आएको स्मरण गर्दै यो कांग्रेसको विशेषता भएको बताए । कांग्रेस पार्टीभित्र एकताको खोजी गर्नुपर्ने बताउँदै सहमहामन्त्री पाण्डेले भने, 'नेपाली कांग्रेसका सबै जना एक ठाउँमा उभिऔँ । नेपाली कांग्रेसका सबैले रुख चिन्हमा मत हाल्यौँ भने नेपाली कांग्रेस कुनै वडामा, जिल्लामा, निर्वाचन क्षेत्रमा कमजोर छैन । त्यसैले त्यो एकता र सहकार्यको खोजी पार्टीभित्र गरिनु पर्छ ।' सहमहामन्त्री पाण्डेले २०८१ सालभित्रै भ्रातृसंस्थाहरुको अधिवेशन गराउने र पार्टी महासमिति बैठक गर्ने, २०८२ मा पार्टी महाधिवेशन गर्ने, २०८३ लाई २०८४ को निर्वाचन तयारी वर्षका रुपमा लिई काम गर्नसके २०८४ मा पार्टीले सफलता हात पार्न सकिने धारणा व्यक्त गरे ।

सहमहामन्त्री पाण्डेले कांग्रेस र एमालेबीचको सहमतिले नयाँ परिवर्तनको सम्भावना देखिएको बताए । अहिले कांग्रेसले चालेको कदम कसैलाई प्रधानमन्त्री वा मन्त्री बनाउन नभई व्यवस्थामाथि उठेका प्रश्नको जवाफ दिन भएको उनको भनाइ थियो । साथै, उनले संविधान कार्यान्वयनको विगत दश वर्षको अवधि संविधानमाथि पुनरावलोकन गर्ने समय पनि भएकाले कमजोरी सुधार गरेर अघि बढ्नुपर्ने अवस्था आएको बताए ।

त्यस्तै, पूर्वमन्त्री एवम् नेपाली कांग्रेसका केन्द्रीय सदस्य रमेश रिजालले अहिलेको निर्वाचन प्रणालीले कुनै दलको बहुमत आउनसक्ने अवस्था नभएको भन्दै संविधानमा व्यापक संशोधन आवश्यक रहेको बताए । देशमा ७ सय ५३ स्थानीय तह राख्नुपर्ने औचित्य नभएको भन्दै उनले स्थानीय तहलाई ३ सय ५० को हाराहारीमा राखेर शक्तिशाली बनाउनुपर्नेमा जोड दिए । नेपाली कांग्रेसका सांसद अजयकुमार चौरसियाले कांग्रेसलाई सबैभन्दा ठूलो पार्टी बनाउन संगठन बलियो बनाउनुपर्ने र वडादेखि संघसम्म कांग्रेसलाई जिताउनुपर्नेमा जोड दिए । संघीय सांसद एवम् पूर्वमन्त्री शंकर भण्डारीले पार्टी गुटका नाममा एकले अर्कालाई स्वीकार्न नसकिने अवस्थामा पुगेको बताए । पार्टीमा अनुशासन उल्लंघनको समस्या देखिएकाले निरुपणका लागि वडा तहबाट नै छलफल आवश्यक रहेको उनले बताए । संविधानमा भएको प्रदेश संरचनाबारे पुनर्व्याख्या हुन आवश्यक रहेकाले त्यसका लागि बहस चलाइनुपर्ने उनको भनाइ थियो ।

नेपाली कांग्रेस पर्साका पार्टी सभापति एवम् प्रदेशसभा सदस्य जर्नादन सिंह क्षेत्रीले देशको सबैभन्दा ठूला दुई दल मिलेर सरकार सञ्चालन गर्न लाग्नुले जनतामा आशासमेत जगाएको बताए । कांग्रेस र एमालेको गठबन्धन सरकारले संविधानमा भएका कमजोरीसमेत सुधार गर्ने उनले विश्वास व्यक्त गरे । पूर्वमन्त्री सुरेन्द्र चौधरीले देशको राजनीति परिर्वतनको दिशामा अघि बढिरहेको भन्दै त्यो स्वाभाविक भएको बताए । राजनीति सत्ताका लागि नभई लोकतन्त्रको स्थायित्वका लागि हुनुपर्नेमा उनले जोड दिए । प्रदेशसभा सदस्यहरु श्याम पटेल, शंकर चौधरी, राजेन्द्रबहादुर अमात्यले गिरिजाप्रसाद कोइरालाको योगदानको प्रशंसा गर्दै कांग्रेस र एमालेबीचको गठबन्धन सही उद्देश्यका लागि भएको जिकिर गरे ।

# शिक्षामा लापरवाही सह्य हुँदैनः साह




**संजय तिवारी**
**कलैया ।**
कलैया उपमहानगरपालिका नगर प्रमुख बिनोद साहले शिक्षा क्षेत्रमा कुनै प्रकारको लापरवाही सह्य नहुने बताएका छन् । २०८० को एसईई परीक्षाफल बारे समीक्षा गर्न नगरका ७१ वटै विद्यालयका प्रधानाध्यापकहरु उपस्थित बैठकमा नगर प्रमुख साहले परीक्षामा सामुदायिक विद्यालयहरुको न्यून नतिजा आउनुको कारण र त्यसको समाधानको विस्तृत योजना माग गरेका छन् । अति न्यून नतिजा ल्याएका विद्यालयहरुप्रती ईंगित गर्दै उनले त्यसबारे सुक्ष्म अध्ययन गरिरहेको बताए । बैठकमा प्रधानाध्यापकहरुले विद्यार्थीका अभिभावकहरुको परीक्षा र पढाइ बारे सोधखोज नभएको, विद्यार्थीहरु शिक्षकबाट डराउन छोडेको लगायत विभिन्न समस्याहरु सुनाएका थिए । नगर प्रमुख साहले नतिजा कमजोर हुनुको दोष अभिभावक तथा विद्यार्थी माथि थुपारेर शिक्षकहरु आफ्नो जिम्मेवारीबाट पञ्छिन नहुने बताए । उनले आवश्यक परेको खण्डमा कठोर निर्णय तथा कारवाही गर्न पछि नपर्ने चेतावनी दिए । बैठकमा उपप्रमुख रौशन प्रविन, प्रमुख प्रशासकिय अधिकृत नाथु साह, नगत शिक्षा समितिका सदस्य, शिक्षा शाखाका विजय अधिकारी, मावि, निमावि तथा प्राविका प्रधानाध्यापक लगायतको सहभागिता रहेको थियो ।

# शिक्षा मन्त्रालयद्वारा ‘करिअर काउन्सिलिङ’ का लागि विशेष वेबसाइट शुरु




**मधेशदृष्टि**
**वीरगंज ।**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले वृत्ति मार्ग निर्देशन अर्थात् करिअर काउन्सिलिङका लागि नयाँ विशेष वेबसाइट सार्वजनिक भएको छ । वेबसाइटमा विद्यार्थी, अभिभावक, शिक्षक र स्थानीय तहका लागि आवश्यक जानकारी छुट्टाछुट्टै ट्याबमा राखिएको छ । यो लिंकमा गएर विद्यार्थीले आफ्नो करिअरबारे सूचना र सहायता लिन सक्नेछन् । छात्रवृत्तिका विषयमा तथा उच्च एवम् प्राविधिक शिक्षाका विषयमा आवश्यक जानकारी वेबसाइटमा राखिएको छ भने सरकारका विभिन्न निकायबाट विद्यार्थीका लागि प्राप्त हुने सूचना एकै ठाउँबाट सार्वजनिक गर्ने प्रबन्ध गरिएको छ ।
जीवनमा के बन्ने, के पढ्ने, कस्तो पेशा छनोट गर्ने भन्ने निकै जटिल प्रश्न हुन्छ । यो वेबसाइटले विद्यार्थीलाई आफ्नो रुचि अनुसारको शिक्षा छनोट गर्न, छात्रवृत्तिका अवसर पत्ता लगाउन, विभिन्न पेशाबारे थाहा दिन मद्दत गर्नेछ । विद्यार्थीले आफ्नो वृत्ति मार्ग निर्धारण गर्न समाजका असल र सफल पात्रका प्रेरणाका कथा पनि वेबसाइटमा हेर्न र पढ्न मिल्नेछ । वेबसाइटमा राखिएको प्रश्नावलीमा सहभागी भई करियर असेसमेन्टमार्फत विद्यार्थीले आफ्नो क्षमता जाँच गरेर वृत्ति सुझाव प्राप्त गर्न सक्नेछन् । वेबसाइटमा पेशा र रोजगारीका लागि जानकारी पाइने इ–लर्निङका स्रोत पनि राखिएको छ ।
यही कार्यक्रमअन्तर्गत शिक्षामन्त्री सुमना श्रेष्ठले आफै सञ्चालन गरेर आठ एपिसोडमा विभिन्न पेशाका मानिसमार्फत ती पेशाका सम्भावना र चुनौतीबारे बहस पनि गरेकी थिइन । ती सबै युट्युब पोडकास्ट पनि वेबसाइटमा राखिएको छ । वृत्ति, रोजगारी, सीप तथा जीवनपर्यन्त सिकाइलाई श्रम बजारको आवश्यकता, वैयक्तिक रुचि, खुबी र क्षमता अनुसार दिगो, मर्यादित र व्यवस्थित रूपमा मार्ग निर्देशित गर्न विद्यार्थीलाई सूचना, परामर्श, एवम् वृत्ति मार्ग निर्देशन सेवा प्रदान गर्ने उद्देश्यले वृत्ति मार्ग निर्देशन कार्यक्रम लागु गरिएको हो ।

# नारायणी वाङ्मय पुरस्कार ‘कालो गुलाफ’लाई दिने निर्णय




**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणी वाङ्मय प्रतिष्ठान वीरगंजले २०८० को नारायणी वाङ्मय पुरस्कार कृति ‘कालो गुलाफ’लाई प्रदान गर्ने निर्णय गरेको छ । भानुभक्त आचार्यको २११ औं जन्मजयन्तीको अवसरमा प्रदान गर्ने भएको सो पुरस्कार २०८० को लागि गोपाल अश्कको कालो गुलाफ कथा संग्रहलाई प्रदान गरिने भएको मूल्याँकन समितिका सदस्य नवराज रिजालले बताए । प्राध्यापक केशब सुवेदी संयोजक रहेको मूल्याँकन समितिमा सदस्यहरु गीता भण्डारी र नवराज रिजाल रहेका थिए । सो ३ सदस्य टोलीले नारायणी लगायत मधेश प्रदेशका विभिन्न जिल्लाबाट प्राप्त कृतिहरु मध्ये उत्कृष्ठ एक कृतिलाई छनोट गरिएको जनाएका छ । गत असार १६ गते बसेको मुल्याङ्कन समितिको बैठकले २०८० को पुरस्कार उक्त कृतिलाई प्रदान गर्ने निर्णय गरेको अर्का मूल्याँकन समिति सदस्य गीता भण्डारीले बताइन् ।
धेरै विषय, क्षेत्र र प्रवृत्ति समेटिएको कालो गुलाफ कथा संग्रहको कतिपय सम्वादमा वीरगंजेली भाषाको प्रयोग गरिएको छ । गोपाल अश्कको कथा सिर्जनमा यस ‘कालो गुलाफ’ कथासङ्ग्रहले उनको प्रवृत्तिगत विशेषताको किटान गरेको छ । मुख्यतः मधेशको परिवेश, पात्र, प्रवृत्ति, मनोविज्ञान, जटिलता, विशिष्टता, सामाजिकता, संस्कृति र सामाजिक धरोहर अश्कका कथामा देखापर्ने कथानकीय विशेषता हुन् भने मधेशको सहरी र ग्राम्य परिवेशमा आमरुपमा प्रयोग हुने विभिन्न भाषा, लवज, बोली र शैलीलाई प्रस्तुत गर्नु शैलीगत विशेषता हुन् । पर्सा जिल्ला निवासी अश्क अहिले काठमाडौँलाई आफ्नो कार्यथलो बनाएका छन् ।

# पूर्वगृहमन्त्री बादलका छोरा प्रतीकलाई थुनामा पठाउने आदेश

***न्यायाधीश सकुन्तला कार्कीको इजलासले उक्त प्रकरणमा थापाको संलग्नता नरहेको भन्न नसकिने भन्दै थुनामा रहेर मुद्दा पुर्पक्ष गर्न पाउने आदेश गरेको हो ।***



**मधेशदृष्टि**
**वीरगंज ।**
नक्कली भुटानी शरणार्थी प्रकरणमा काठमाडौं जिल्ला अदालतले पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका छोरा प्रतीक थापालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ । न्यायाधीश सकुन्तला कार्कीको इजलासले उक्त प्रकरणमा थापाको संलग्नता नरहेको भन्न नसकिने भन्दै थुनामा रहेर मुद्दा पुर्पक्ष गर्न पाउने आदेश गरेको हो । अदालतको आदेशसँगै थापालाई केन्द्रीय कारागार पठाइएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी नवराज अधिकारीले जानकारी दिए । नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने ठगी धन्दामा संलग्नताको आरोपमा एमाले नेता टोपबहादुर रायमाझीसहित ७ जना हाल पुर्पक्षका लागि थुनामा छन् । कांग्रेस नेता बालकृष्ण खाँण र आङटावा शेर्पासहित केही आरोपी भने धरौटीमा रिहा भएका छन् ।
यो प्रकरणमा प्रहरीले आरोपीहरु पक्राउ गर्न थालेदेखि नै थापा फरार थिए । थापालाई सीआईबीको टोलीले असार १४ गते बौद्धबाट पक्राउ गरेको थियो ।

# पोखरा महानगरपालिकामा अख्तियारको छापा

**मधेशदृष्टि**
**वीरगंज ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पोखरा महानगरपालिकामा छापा हानेको छ । आयोगको टोलीले मंगलबार महानगर कार्यालयमा छापा हानेको हो ।
मणिपाल शिक्षण अस्पताललाई नियमविपरीत २० करोड रुपैयाँ राजस्व छुट दिएको भन्दै अख्तियारमा उजुरी परेको थियो । उक्त उजुरीमाथि छानबिन गर्न अख्तियारको टोलीले महानगर कार्यालयमा छापा हानेर कागजात नियन्त्रणमा लिएको छ । अख्तियारले कार्यपालिका बैठकको निर्णय, राजस्वसम्बन्धी अहिलेसम्म भएका निर्णय, राजस्व परामर्श समितिको निर्णय, नक्सापासलगायतका मणिपाल शिक्षणसँग सम्बन्धित कागजात नियन्त्रणमा लिएको हो ।
पोखराको फूलबारीस्थित मणिपाल शिक्षण अस्पताल भवनको राजस्व छुट दिने कार्यपालिका बैठकले निर्णय गरेपछि मेयर धनराज आचार्यको चर्को आलोचना भइरहेको छ । मणिपालको भवन नक्सा पासमा १९ करोड ८१ लाख राजस्व छुट दिएको पोखरा महानगरले १५ महिनापछि आफ्नै निर्णय बदर गरेको छ । तर जनप्रतिनिधिले नै मेयर आचार्यको नियतमाथि शंका गरेका छन् । २०५९ सालमा निर्माण सम्पन्न भएको मणिपालले अहिलेसम्म नक्सापास गरेकै थिएन । वर्षौंदेखि महालेखाले नक्सापास नलिएको मणिपाललाई जरिवानासहित राजस्व उठाउन भन्दै आइरहेको थियो ।
भारतीय कम्पनीबाट आनन्दराज बतास, नारायण पौडेलले किनेपछि मेयर आचार्य नजिक रहेको बतास समूहले मणिपालको राजस्व छुट गराएर नक्सा पास गराएको थियो । २०७९ जेठमा मेयर आचार्यले कार्यपालिका बैठकबाट नक्सापास र जरिवानावापत २१ करोड ५७ लाख ११ हजार ७९८ रुपैयाँ लिनुपर्नेमा महानगरले १ करोड ७५ लाख मात्र लिएर अरू छुट गराउने निर्णय भएको थियो ।

# सत्संगमा भागदौड हुँदा १२० को मृत्यु



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको उत्तर प्रदेशको हाथरसमा सत्संगको क्रममा भागदौड हुँदा १२० भक्तजनको मृत्यु भएको छ । भारतीय मिडियाहरुले भागदौडमा १२० जनाभन्दा बढीको मृत्यु भएको र कयौं घाइते भएको उल्लेख गरेका छन् । हाथरसका डीएम आशिष कुमारले सय जना भन्दा बढीको मृत्यु भएको र मृतकको यकिन संख्या अझै भन्न नसकिने जानकारी दिएको मिडिया रिपोर्टमा उल्लेख छ । घटनाको छानबिन गर्न उच्च अधिकारीहरूको एक छानबिन समिति गठन गरिएको बताइएको छ । उत्तर प्रदेश मुख्यमन्त्रीको कार्यालयले जारी गरेको विज्ञप्तिमा हाथरसमा दुर्घटनामा मारिएकाहरूका शोक सन्तप्त परिवारप्रति संवेदना व्यक्त गरेको छ । मुख्यमन्त्री योगी आदित्यनाथले घाइतेको शल्यक्रिया र उचित उपचारका लागि निर्देशन दिइएका छन् । सीएम योगी बुधबार हातरस जानेछन् ।

# एसईईको मौका परीक्षाको तालिका सार्वजनिक




**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) को मौका परीक्षाको तालिका सार्वजनिक गरेको छ । परीक्षा महिना साउन २३ गतेदेखि ३१ गतेसम्म हुनेछ ।
असार १६ गते बोर्ड बैठकले एसईईमा नियमित परीक्षार्थीको रूपमा सम्मिलित भई ग्रेड प्राप्त गर्न नसकेका र अनुपस्थित भएका सबै परीक्षार्थीका लागि पूरक अर्थात् (ग्रेडवृद्धि) परीक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो । २०८० सालको नियमित परीक्षाको प्रवेशपत्र नै पुरक परीक्षाको प्रवेशपत्र कायम गरिएकोले त्यसै प्रवेशपत्रका आधारमा परीक्षामा सहभागी हुनुपर्नेछ ।
परीक्षा केन्द्रको जानकारी सम्बन्धित शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइबाट हुनेछ । तोकिएको केन्द्र र तालिका अनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन । परीक्षाफल रद्द भएका परीक्षार्थी ग्रेडवृद्धि परीक्षामा सहभागी हुन पाउने छैनन् ।
शिक्षा विकास तथा समन्वय इकाइले ग्रेडवृद्धि परीक्षामा सामेल हुन आवेदन फाराम भर्ने परीक्षार्थीको विवरण २०८१ साल साउन १८ गते सम्ममा विद्यालयगत रूपमा विषयसमेत खुल्ने गरी परीक्षा नियन्त्रण कार्यालय कक्षा १० मा आइपुग्ने गरी पठाउनुहुन र परीक्षार्थीले बुझाएको आवेदन फाराम ६ महिनासम्म शिक्षा विकास तथा समन्वय इकाइले नै सुरक्षित राख्नुहुन बोर्डको अनुरोध छ ।
एसईई परीक्षामा सहभागीमध्ये ४७.८६ प्रतिशत मात्र पास भएका छन् । परीक्षामा सहभागी ४ लाख ६४ हजार ७ सय ६५ विद्यार्थीमध्ये २ लाख २२ हजार ४ सय ७२ जना कक्षा ११ मा भर्ना हुन योग्य भएका छन् । ननग्रेडिङ(एनजी) हुने विद्यार्थीको संख्या २ लाख ४२ हजार ३ सय १३ रहेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन